**प्रेस वक्तव्य**

"सरकारको सफलतामा नै मुलुकको सफलता समाहित छ" भन्ने चेतका साथ जवाफदेहीपूर्ण ढंगले सरकारले काम गरोस् !

*(२४ आश्विन २०८२, काठमाडौं)*

इतिहासकै जटिल मोडमा रहेको अहिलेको अवस्थामा अन्तरिम सरकारको सफलतामा नै मुलुकको सफलता निहित छ भन्नेमा कुनै शंका छैन । तसर्थ, कुनै पनि बहानामा अलमलिने वा असफल हुने छुट सरकारलाई छैन । सरकारले निष्पक्ष, भयरहित र विश्वासयोग्य वातावरणमा निर्वाचन सम्पन्न हुने अवस्था निर्माण गर्न र जेन–जी माग अनुरूप सुशासन र जवाफदेहिता सुनिश्चित गर्न इमान्दारीपूर्वक लागिपर्ने अपरिहार्यता छ ।

जेन–जी आन्दोलन पश्चात ऐतिहासिक आवश्यकताको उपजका रूपमा अस्तित्वमा आएको नागरिक सरकारले सबै सरोकारवालाबीच संवाद, छलफल र सहकार्यका आधारमा अघि बढ्नुपर्ने थियो । तर सबै पक्षसँग यथोचित संवाद गर्न चुक्दा सरकार कुनै खास स्वार्थ समूहद्वारा निर्देशित भइरहेको हो कि भन्ने शंका व्याप्त हुँदै गएको छ । यसले सरकारको वैधतामा क्षय ल्याउने मात्र होइन, मुलुककै हितविरुद्ध प्रतिकूल अवस्था सिर्जना हुन सक्ने खतरा देखिन्छ ।

तसर्थ, यस्ता आशंकाहरूलाई निवारण गर्दै खुला, पारदर्शी र संवादमुखी सरकारको रूपमा जेन–जी समूहहरू, राजनीतिक दलहरू, नागरिक समाज लगायत सबै सरोकारवालासँग सार्थक संवाद गर्दै अघि बढोस् भन्नेमा जवाफदेहिता निगरानी समितिले जोड दिन्छ ।

न त निर्वाचनको नाममा सुशासन र जवाफदेहितालाई पन्छाउन सकिन्छ, न त सुशासन र जवाफदेहिताको नाममा निर्वाचनलाई अनिश्चित बनाइने छुट छ । त्यसैले कानुनी शासनको अधीनमा रही यी दुवै प्राथमिकतालाई सन्तुलित ढंगले अगाडि बढाउन सरकारले पहल लिन कुनै पनि बहानामा चुक्नु हुँदैन भन्ने समितिको स्पष्ट धारणा छ ।

तसर्थ, जेन–जी आन्दोलनका क्रममा भदौ २३ गते प्रदर्शनकारीमाथि भएको निर्मम र वर्बर गोली प्रहारका कारण सृजित मानव अधिकारको गम्भीर उल्लंघन तथा भदौ २४ गते आगोलाई हतियारको रूपमा प्रयोग गरेर महत्वपूर्ण सरकारी कार्यालय, निजी आवास, मिडिया हाउस, विद्यालय र व्यापारिक भवनहरू लगायतमा भएका ध्वंसात्मक घटनाबारे सत्य तथ्य उजागर गर्न, दोषी पत्ता लगाई कारबाही गर्न र दण्डहीनताको अन्त्य गर्न ढिलाइ वा अलमल गर्ने कुनै छुट छैन भन्ने कुरा सबैले हेक्का राख्न जरुरी छ । यथाशीघ्र सत्य उजागर गरी दोषीलाई जवाफदेही बनाई राज्यको सशक्त र विश्वसनीय उपस्थिति जनताले अनुभूत गर्न सक्ने अवस्था निर्माण गर्न सरकारले हरसम्भव प्रयास गरोस् र त्यस प्रयासमा सबैको सहयोग होस् ।

मुख्य राजनीतिक दलहरूले आफू प्रति जेन–जी लगायत सर्वसाधारण जनतामा घृणा उत्पन्न हुने अवस्था किन सृजना भयो भन्ने प्रश्नलाई गम्भीरतापूर्वक समीक्षा गर्नुपर्छ । पुस्तान्तरण र रूपान्तरणको प्रक्रियालाई तीव्रता दिई सुध्रिएर मात्र निर्वाचनमा जाने आम अपेक्षाको विपरीत कुनै पनि कुचेष्टा लोकतन्त्र र सम्बन्धित दलहरूका लागि हानिकारक हुनेतर्फ सचेत र सजग हुन आवश्यक छ ।

संविधान र व्यवस्थासँग सम्बन्धित अहिले सतहमा आएका सबै प्रश्नहरूको अन्तिम छिनोफानो गर्ने सार्वभौम अधिकार नेपाली जनतामा मात्र निहित छ । त्यसैले जेन–जी, राजनीतिक दल र शक्ति समूहहरूले आफ्ना एजेन्डा लिएर जनतामा जानु, जनअनुमोदन प्राप्त गर्नु र ताजा जनादेशसहितको संसदमार्फत ती प्रश्नहरूको सम्बोधन गर्नुको विकल्प छैन । यस यथार्थलाई आत्मसात गर्दै यही दिशामा जिम्मेवार ढंगले अघि बढ्न निगरानी समितिले सबैलाई आह्वान गर्दछ ।

यससँगै, नागरिकलाई शान्ति–सुरक्षाको प्रत्याभूति दिनु र भयरहित वातावरणमा सबै नागरिकले निर्वाध निर्वाचनमा भाग लिन पाउने अवस्था निर्माण गर्नु सरकारको मुख्य दायित्व हो । यस उद्देश्यका लागि नेपाल प्रहरीको मनोबल उच्च राख्न, संगठनलाई सुदृढ बनाउँदै कार्यगत स्वायत्तता सुनिश्चित गर्न र राजनीति वा स्वार्थ समूहको दबाव तथा प्रभावबाट मुक्त भएर स्वतन्त्र तथा निष्पक्ष तवरले फौजदारी अनुसन्धान गर्ने कुरामा कुनै सम्झौता नहोस् भन्नेमा पनि समितिले विशेष जोड दिन्छ ।

**जवाफदेहिता निगरानी समितिको तर्फबाट:**

*राजुप्रसाद चापागाई (संयोजक), राजन कुईंकेल (सहसंयोजक), रुकमनी महर्जन (सहसंयोजक), सदस्यहरू: चरण प्रसाई, डा. गौरीशंकरलाल दास, डा. मन्दिरा शर्मा, दिनेश त्रिपाठी, सुमन अधिकारी, देवी सुनुवार, बाबुराम गिरी, डा. विरेन्द्र थपलिया, जनकबहादुर राउत, इन्द्रप्रसाद अर्याल, महामुनिश्वर आचार्य, विकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, बद्रीप्रसाद भुसाल, निराजन थपलिया, काशीराम ढुंगाना, लक्ष्मी पोखरेल, पुष्पराज पौडेल, सन्तोषबाबु सिग्देल, मोहना अन्सारी, कमला पन्थी।*